# वार्षिक नीति, कार्यक्रम तथा बजेट

# आ.ब. २०७४।७५




दुहुँ गाउँपालिका, दार्चुला

७ नं प्रदेश, नेपाल

# विषयसूची


खण्ड १ - परिचय....1
१.१ स्थानीय तहको संक्षिप्त परिचय....1
१.२ विद्यमान अवस्थाको समीक्षा....1
१.२.१ सबल पक्ष....1
१.२.२ कमजोर पक्ष....2
१.२.३ अवसरहरु....2
१.२.४ चुनौतीहरु....3
१.३ वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमाका लागि अवलम्बन गरिएको पद्धतीः-....3
१.४ आयोजना प्राथमिकिकरणका आधारहरु....3
खण्ड २ –गत आ.व. २०७३।०७४ को समीक्षा....5
२.१ साविकको स्थानीय निकायहरुबाट सम्पन्न कार्यक्रमको समीक्षा....5
२.२ विषयगत निकायहरु स्थानीय तहमा हस्तान्तरण हुनुपूर्व सम्पन्न कार्यक्रमको समीक्षा....5
२.३ स्थानीय तह गठन पश्चात सम्पन्न कार्यक्रमको समीक्षा....5
२.४ गैह्र सरकारी संघसंस्थाहरुबाट सम्पन्न कार्यक्रमको समीक्षा....5
खण्ड ३ - आगामी आ. व. २०७४।०७५ को नीति बजेट तथा कार्यक्रम....6
३.१ सोच....6
३.२ लक्ष्य....6
३.३. उद्देश्य....6
३.४ अपेक्षित उपलब्धि....6
३.५ बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख आधारहरु....7
३.६ मुख्य मुख्य आयोजना तथा क्रियाकलापहरु....8
३.७ अनुमानित व्यय र स्रोत व्यवस्थापन....11

# खण्ड १ - परिचय

## १.१ स्थानीय तहको संक्षिप्त परिचय

आदरणीय उपस्थित महानुभावहरु नेपालको संविधान (२०७२) ले संघीय राज्यको निर्माणका साथै तीन तहको राज्य प्रणालीको व्यवस्था गरे अनुरुप साविकका स्थानीय निकायहरु स्थानीय तहमा परिणत भएका छन । संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको छ । राज्य शक्ति एक ठाउँमा केन्द्रित नगरी विभिन्न तह र तप्काबाट प्रयोग गर्ने व्यवस्था भए अनुरुप दार्चुला जिल्ला लाई पनि २ नगरपालिका र ७ गाउँपालिका गरी ९ वटा स्थानीय तहमा विभाजन गरिएको छ । ७ वटा गाउपालिका मध्ये दुहुँ गाउँपालिका दार्चुला जिल्लाको उत्तरी भेगमा अवस्थित एक सुन्दर र प्राकृतिक श्रोतले सम्पन्न गाउँपालिका हो । यस गाउँपालिकामा साविकका ४ गाविस मिलेर वनेको छ । यस गाउँपालिको क्षेत्रफल ६५.३५ वर्ग कि.मि. र जनसख्या १०८१८ जना रहेको छ । यस गाउँपालिका लाई भौगलिक अवस्था र जनसंख्याको अनुपात अनुसार ५ वटा वडामा विभाजन गरिएको छ ।

## १.२ विद्यमान अवस्थाको समीक्षा

### १.२.१ सबल पक्ष

जिल्लाकै ९ वटा स्थानीय तह मध्ये नमुना गाउँपालिका वनाउने हाम्रो अठोट रहेको छ । वर्तमान अवस्थामा हाम्रो अठोटलाई वास्तविकतामा वदल्ने आधारहरु (सवल पक्ष) यस प्रकार रहेको छ ।

१. बहुसंख्यक जनताहरु कृषि प्रणालीमा आधारित ।
२. यस गाउँपालिकाका लगभग सबै वडाहरुलाई समेट्ने गरी मोटरबाटो पुग्नेक्रममा रहेको ।
३. यस गाउँपालिका क्षेत्रभित्रका साविकका सबै गाविसहरु पुर्ण खोपयुक्त, पूर्णसाक्षर, खुल्ला दिशा मुक्तक्षेत्र घोषणा भै पुर्ण सरसफाइमा अगाडी बढेको अवस्था ।
४. अधिकांश बस्तीहरुमा खानेपानीको पहुँच पुगेको ।
५. धार्मिक तथा सांस्कृतिक रुपमा सदभाव कायम रहेको ।
६. जडिबुटी प्रशोधन मार्फत राजश्वमा योगदान पुर्याउन सकिने प्रशस्त सम्भावना रहेको ।
७. खनिज पदार्थको सम्भावना रहेको ।

### १.२.२ कमजोर पक्ष

१. सञ्चारको पहुँच सवै ठाउँमा सहज रुपमा उपलब्ध हुन नसकेको
२. विद्युतको पहुँच नपुगेको, स्थानिय स्तरमा लघु जलविद्युतहरु निर्माण भएर पनि औद्योगिक प्रयोग हुन नसकेको ।
३. बाह्रै महिना यातायातको सहज व्यवस्था नहुनु,
४. कृषिमा व्यवसायीकरण र विविधिकरण हुन नसकेको, निर्वाहमुखी कृषि प्रणाली
५. गुणस्तरीय शिक्षा तथा सबै बस्तीहरुमा स्वच्छ खानेपानीको उपयुक्त व्यवस्था हुन नसकेको
६. सहज रुपमा स्वास्थ्य सेवा उपलब्ध हुन नसकेको ।
७. पर्यटक क्षेत्रको पहिचान हुन नसकेको र आन्तरिक पर्यटनलाई प्रवर्धन गर्न नसकेको ।
८. धार्मिक तथा ऐतिहासिक महत्वका सम्पदाहरुको पहिचान र संरक्षणको अभाव हुनु ।
९. जैविक विविधताको संरक्षण र औषधीजन्य जडिवुटीको संरक्षणे अभाव ।
१०. खनिज पदार्थको उच्च सम्भावना हुँदाहुँदै पनि पहिचान र उत्खनन्मा ध्यान पु–याउन नसक्नु ।
११. बेरोजगारीका कारण युवा जनशक्ति विदेश पलायन हुनु ।

### १.२.३ अवसरहरु

१. यस गाउँपालिकामा उत्पादित कृषि, पशुजन्य, जडीबुटी, फलफुल, तरकारी, नगदेवाली आदि वस्तुको उत्पादन तथा संकलन केन्द्रको स्थानपना तथा सहज रुपमा निर्यात गरी आय आर्जन वृद्धि गर्न सक्ने ।
२. संचार माध्यमको विकासमार्फत आधुनिक प्रविधियुक्त शिक्षाको अबलम्वन, पर्यटकिय क्षेत्रको प्रचारं प्रसार, टेलिमेडिसिन आदि उपल्ब्ध गराउन सकिने ।
३. उर्वर जमिन, जलश्रोत, वन पैदावर, जडिबुटीजन्य जैविक विविधता जस्ता प्राकृतिक श्रोतहरुको बुद्धिमतापूर्ण उपयोगबाट आर्थिक समृद्धि हासिल गर्न सकिने ।
४. पर्यटनजन्य श्रोतहरुको पहिंचान र प्रवर्धन गरी आन्तरिक र वाह्य पर्यटनको विकास गर्न सकिने
५. यस गाउँपालिकामा रहेका जलश्रोतको सदुयोग गर्दै जलाशयहरु निर्माण गरि ठूला क्षमताका जलविद्युत आयोजना संचालन र सिंचाई सुविधा उपलब्ध गर्न सकिने ।
६. यस गाउँपालिकाको विभिन्न क्षेत्रमा रहेका खानीहरुको उत्खनन र प्रशोधन गरी खानी उद्योग संचालन गर्न सकिने ।

१.२.४ चुनौतीहरु

१. आर्थिक मानविय श्रोत साधनको सिमितताका बीच जनताहरुका असिमित मागहरुको सम्बोधन गर्नु
२. निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण र विविधिकरण गर्नका लागि प्रयाप्त सीप,जनशक्ती उपकरणहरुको अभाव।
३. विकट भौगोलिक अवस्थितिका कारण सवै वडाहरुमा विकासका पूर्वाधारहरुको विस्तार गर्न कठिनाई
४. आधारभुत तथा माध्यामिक तहको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न पर्याप्त जनशक्ती तथा आर्थिक श्रोतको कमी।
५. खनिज पदार्थको उत्खनन र प्रशोधन गर्न सिपयुक्त जनशक्ति र प्रविधिको अभाव

**१.३ वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमाका लागि अवलम्बन गरिएको पद्धतीः-**

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक तथा अधिकारहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरुलाई दुहुँ गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमाको प्रमुख आधारको रुपमा लिइएको छ । त्यस्तै नेपाल सरकारको को आर्थिक बर्ष २०७४।७५ को नीति तथा कार्यक्रम, स्थानीय तहको बजेट तर्जुम दिग्दर्शन २०७४ र दुहुँ गाउँपालिकाका जनताहरुका अपेक्षा, आवश्यकता, माग र सुझावहरुलाई वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमाको आधारको रुपमा लिइएको छ ।

**१.४ आयोजना प्राथमिकिकरणका आधारहरु**

आर्थिक बर्ष २०७४।०७५ को लागि विभिन्न आयोजनाहरु प्राथमिकिकरण गर्दा देहायका विषयलाई आधारको रुपमा प्रयोग गरिएको छ ।

१. सर्वसाधारणलाई तत्काल प्रतक्ष्य राहत तथा फाइदा हुने तथा स्वरोजगार प्रवर्धन हुन आय आर्जन वृद्धि हुने प्रकारका योजना तथा कार्यक्रमहरु
२. आमनागरिकका तत्कालका आवश्यकता पूरा गर्न मद्दत गर्ने कार्यक्रमहरु
३. कृषि उत्पादनमा वृद्धि हुने तथा सहयोग पुर्याउने योजना तथा कार्यक्रमहरु
४. क्रमागत एवं अधुरा रहेका आयोजनाहरु तथा थोरै रकममा सम्भार गरी पुनः संचालनमा ल्याउन सकिने आयोजनाहरु ।
५. पिछडिएका वर्ग, लिङ्ग र समुदायलाई सशक्तिकरणमा सघाउ पुऱ्याउने कार्यक्रमहरु

६. पूर्वाधार विकास मार्फत आमजनताको जीवनशैलीमा सहजता ल्याउन मद्दत पुर्याउने योजना तथा कार्यक्रमहरु

# खण्ड २ –गत आ.व. २०७३।०७४ को समीक्षा

## २.१ साविकको स्थानीय निकायहरुबाट सम्पन्न कार्यक्रमको समीक्षा

स्थानीय स्वायत्त शासनको अवधारणा अनुसार विगतका स्थानीय निकायहरुले कार्यसम्पादन गर्दै आएको पाइन्छ । जनप्रतिनिधिको रिक्ततामा कर्मचारी, स्थानीय राजनितिक दल, आम जनता तथा विभिन्न वर्ग क्षेत्र समुदायका प्रतिनिधिहरु सम्मिलित गाउँ परिषद्हरुबाट योजनालाई अन्तिम रुप दिई सोही अनुरुप कार्यान्वयन गरिएको पाइन्छ । यसरी संचालित योजनाहरु उपभोक्ता समितिहरु गठन गरी उनीहरुको जिम्मेवारीमा सम्पन्न भएका छन् ।

## २.२ विषयगत निकायहरु स्थानीय तहमा हस्तान्तरण हुनुपूर्व सम्पन्न कार्यक्रमको समीक्षा

स्थानीय सरकारको अवधारणा अनुसार यस गाउँपालिकामा विषयगत कार्यालयहरु हस्तान्तरण भई आउने क्रम जारी रहेको हुँदा आगी दिनहरुमा क्षेत्रगत कार्यक्रमहरु गाउँपालिका मार्पत संचालन हुनेछन् । हस्तान्तरण हुनुभन्दा अगाडि शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, खानेपानी लगायतका विषयगत कार्यालयहरु सरकारको स्वीकृत बार्षिक कार्यक्रम अनुसार गत आर्थिक बर्षमा आ-आफ्ना कार्यक्रमहरु सम्पन्न भएका छन् । समयको पावन्दी, नवगठित गाउँपालिकाको संस्थागत क्षमता सक्षम नभइसकेको परिस्थितिले गर्दा यी कार्यक्रमहरुको समीक्षा गरी बजेट तथा कार्यक्रम पेश गर्न सकिएन । दुहुँ गाउँपालिकाको अभिन्न अंग मानी आगामी दिनमा गाउँसभा समक्ष पेश गरिनेछ ।

## २.३ स्थानीय तह गठन पश्चात सम्पन्न कार्यक्रमको समीक्षा

स्थानीय तहहरु गठन भएपश्चात दुहुँ गाउँपालिकाको व्यवस्थापन र पूर्वाधार निर्माणका लागि कार्यक्रमहरु संचालन भए भने साविक गा.वि.स. हरुका बाँकी रहेका योजना तथा कार्यक्रमहरु सम्पन्न गरिए ।

## २.४ गैह्र सरकारी संघसंस्थाहरुबाट सम्पन्न कार्यक्रमको समीक्षा

माथि उल्लेख गरिएको अवस्था जस्तै गैह्रसरकारी संघसंस्थाहरुबाट सम्पन्न कार्यक्रमको समीक्षा हालको बजेट तथा कार्यक्रममा समावेश नभएको र त्यसलाई आगामी दिनमा गाउँसभामा पेश गरिने छ ।

## खण्ड ३ - आगामी आ. व. २०७४।०७५ को नीति बजेट तथा कार्यक्रम

### ३.१ सोच

क.समुन्नत तथा दिगो विकास सहितको समृद्ध दुहुँ गाउँपालिका ।

ख. पूर्वाधार, व्यवसायिक कृषि, शैक्षिक गुणस्तर अभिवृद्धि र सुशासनको माध्यमबाट अर्थतन्त्रको सुदृढिकरण ।

### ३.२ लक्ष्य

क.आर्थिक र पूर्वाधार विकासको माध्यमबाट आर्थिक रुपान्तरण गर्ने ।

ख. निर्वाहमुखी कृषि र पशुपालनलाई विविधिकरण गर्दै व्यवसायिक उन्नती र आत्मनिर्भर वनाउने ।

### ३.३. उद्देश्य

क. सामाजिक रुपान्तरणको प्रमुख आधारशिला रहेको शिक्षा क्षेत्रमा विद्यमान कमीकमजोरी हटाई सुविधासम्पन्न शिक्षण संस्थाहरुको विकास गर्ने ।

ख.आधारभुत तहको स्वास्थ्य सुविधा तथा स्वच्छ खानेपानी र सरसफाईको उचित प्रबन्ध गर्ने ।

ग. चौतर्फी विकासको लागि आवश्यक भौतिक पूर्वाधारहरुको विकास गर्ने ।

घ. कृषि र पशुपालन क्षेत्रको व्यवसायिक उत्पादन गरी उचित बजारिकरणको व्यवस्था गर्ने ।

### ३.४ अपेक्षित उपलब्धि

क. पूर्वाधार विकासको प्रमुख आधार को रुपमा रहेको सडक सञ्जाल दुहुँ गाउँपालिका केन्द्रबाट बाट दार्चुला जिल्ला सदरमुकाम सम्म पुग्ने सडक सञ्जाल साथै दुहुँ गाउँपालिका दार्चुलाको केन्द्र र गाउँपालिकाको वडाहरुसम्म पुग्ने सडक सञ्जालकोविस्तार र स्तरोन्नती भएको हुनेछ ।

ख. सैद्धान्तिक शिक्षा प्रणाली क्रमशः व्यवसायिक र प्रविधियुक्त शिक्षा प्रणालीमा रुपान्तरणको शुरुवात भएको हुनेछ ।

ग. यस गाउँपालिकामा रहेका विभिन्न जडिबुटीका श्रोत एवं खानीहरुबाट  गुणस्तरीय सामाग्रीहरुको उत्खनन, उत्पादन र प्रशोधन भई उचित विक्रिवितरणको थालनी हुने छ ।

घ. सवै वडाहरुमा आधारभुत स्वास्थ्य सेवा सुविधाको प्रत्याभुती हुने छ ।

ङ. स्वच्छ खानेपानी र सरसफाईको पहुँचमा बृद्धि हुने छ ।

च. व्यवसायिक कृषि र पशुपालनबाट उत्पादित कृषि र पशुजन्य उत्पादनको उचित बजारीकरणबाट निर्यातमा वृद्धि हुने छ ।

छ. धार्मिक तथा एतिहासिक महत्वका सम्पदाहरुको उचित मर्मत सम्भार, संरक्षण भई पर्यटकिय गन्तव्यको रुपमा विकास हनेछ ।

उपस्थित सम्पूर्ण महानुभावहरु,

अव म दुहुं गाउँपालिकाको आ.व.२०७४/०७५ को सम्रग वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**३.५ बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख आधारहरु**

यस गाउँपालिकाको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रत्यक वडाका टोल तथा बस्तीस्तरबाट प्राप्त विषयगत क्षेत्र अनुसार समावेशी र सहभागितामूलक योजना छनौट प्रक्रिया अवलम्बन गरि बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गरि गाउँ सभाले योजना तथा कार्यक्रम स्वीकृत गर्ने प्रक्रिया अवलम्बन गरिएको छ । जसलाई तपसिल बमोजिमको विषय क्षेत्रमा विभाजन गरिएको छ।

१. **आर्थिक विकास क्षेत्रः**- कृषि, उद्योग तथा बाणिज्य, पर्यटन, सहकारी तथा वित्तिय
२. **पूर्वाधार विकास क्षेत्रः**- सडक, सिचाई, भवन तथा सहरी विकास, उर्जा, घरेलु तथा लघुउद्यम र संचार ।
३. **सामाजिक विकास क्षेत्रः**-शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवद्र्धन, लैगिक समानता तथा समावेशीकरण ।
४. **वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रः**– वन तथा भूःसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन ।
५. **संस्थागत विकास तथा सेवा प्रवाहः**– मानव संशाधन विकास संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार
६. **वित्तिय व्यवस्थापन र सु–शासनः**-नेपाल सरकारबाट प्राप्त अनुदान, यस गाउँपालिकाको आन्तरिक आय तथा अन्य गैरसरकारी र दातृ निकायहरुबाट प्राप्त अनुदान र साझेदारी कोषको रकमबाट

आवश्यक वित्तिय व्यवस्था गरिनुको साथै वित्तिय सुशासनको लागि पारदर्शिता र जवाफदेहिताको नीति अवलम्वन गरिएको छ ।

## ३.६ मुख्य मुख्य आयोजना तथा क्रियाकलापहरु

### पूर्वाधार विकास तर्फ

१. गाउँपालिकाको पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखी निर्माण कार्यका लागि नेपाल सरकारको वित्तिय समानीकरण अनुदान अन्तरगत प्राप्त रकमबाट ७० लाख विनियोजन गरिएको छ ।

२. विकासको मुख्य पूर्वाधारको रुपमा रहेको सडक पूर्वाधारको विकासका लागि एक्साभेटर खरिद लागि रु. १ करोड २४ लाख विनियोजन गरिएको छ ।

३. दुहँ गाउँपालिका क्षेत्रभित्र सडक विस्तारका लागि "गाउँपालिका अध्यक्ष सडक विस्तार अभियान" संचालन गरिनेछ ।उक्त अभियानका लागि ५० लाख विनियोजन गरिएको छ ।

४. दुहुँ गाउँपालिकामा राष्ट्रिय प्रशारण लाइन विस्तार गर्न पहल गरिनेछ ।

५. सूचना प्रविधि विकासका लागि समानिकरण अनुदानबाट रु ५ लाख विनियोजन गरिएको छ।

६. गाउँपालिका क्षेत्रमा PCC बाटो एवं घोडेटोबाटो निर्माणका लागि समानिकरण अनुदानबाट १ करोड १३ लाख विनियोजन गरिएको छ ।

७. गाउँपालिका क्षेत्रमा भवन निर्माणतर्फ १ करोड १४ लाख ५० हजार विनियोजन गरिएको छ । विपन्न वर्गका लागि आवास निर्माणमा सहयोगका लागि रु ५ लाखको विपन्न परिवार आवास निर्माण कोष खडा गरिएको छ ।

८. दुहुँ गाउँपालिका क्षेत्रमा ल्याण्डलाइन टेलिफोन विस्तार एवं जि एस एम टावरको विस्तारका गर्नका लागि नेपाल टेलिकमसँग समन्वय गरिनेछ ।

### आर्थिक विकास तर्फ

९. कृषि विकास मार्फत कृषिजन्य वस्तुहरुमा आत्मनिर्भरता र युवा स्वरोजगार प्रवर्धन गर्नका लागि कृषि विकासका लागि ६४ लाख ५३ हजार विनियोजन गरिएको छ ।जसमा दुहुँ गाउँपालिका क्षेत्रभित्र रोजगारी अभिवृद्धि गर्ने उद्देश्यले कृषि मार्फत युवा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।उक्त कार्यक्रम अन्तरगत दुहुँ गाउँपालिकाका कृषकहरुलाई

७५ प्रतिशत अनुदानमा पोलीहाउस सहित तरकारी विउ वितरण गरिनेछ । जसका लागि रु १५ लाख विनियोजन गरिएको छ ।

१०. कृषि क्षेत्रको विकासकै लागि सहकारी खेती साना सिचाइ तथा मल विउ ढुवानी कार्यक्रम, बाली विकास कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, आलु तरकारी तथा मसला बाली विकास कार्यक्रम, माटो परिक्षण तथा सुधार सेवा कार्यक्रम र कृषि प्रसार कार्यक्रमहरु समेत संचालन गरिनेछ ।

११. पशुपन्छीको विकास मार्फत पशुजन्य वस्तुहरुमा आत्मनिर्भरता र युवा स्वरोजगार प्रवर्धन गर्नका लागि पशुपन्छीको विकासका लागि वित्तिय समानिकरण अनुदानबाट ३१ लाख ६५ हजार पाँच सय विनियोजन गरिएको छ ।

१२. दुहुँ क्षेत्रमा उद्योगको विकासका लागि समानिकरण अनुदानबाट रु ५ लाख विनियोजन गरिएको छ ।

१३. सहकारी संस्थाहरुको प्रवर्धनका लागि रु २ लाख ५० हजार विनियोजन गरिएको छ ।

## सामाजिक विकास तर्फ

१४. दुहुँ गाउँपालिकामा विषय क्षेत्रगत कार्यक्रम अन्तरगत स्वास्थ्य क्षेत्रको सुधार र विकासका लागि समानिकरण अनुदानबाट रु २० लाख रकम विनियोजन गरिएको छ ।

१५. दुहुँ गाउँपालिकाको पहिचानको विषयको रुपमा रहने सम्भावना बोकेको जडिबुटीको प्रवर्धनका लागि र आयुर्वेदिक औषिधीहरुको खरिद एवं वितरणका लागि रु. ६ लाख विनियोजन गरिएको छ ।

१६. सामुदायिक विद्यालयहरुको गुणस्तर सुधार गर्न" कक्षा कोठमा शिक्षक, विद्यालयमा अभिभावक" कार्यक्रम तथा निजी श्रोतद्वारा संचालित विद्यालयहरुको शिक्षक अभावको समस्या समाधान गर्ने, कृषि प्राविधिक विद्यालयका विद्यार्थीलाई तथा असहाय बालबालीकाहरुका लागि छात्रवृत्ति प्रदान गर्न रु ३० लाख विनियोजन गरिएको छ ।

१७. यस गाउँपालिका क्षेत्रमा विद्यार्थी शिक्षक अनुपात कम भएका वा बढी भएका कारण शैक्षिक गुणस्तरमा ह्रास आएको देखिएकोले सो को अध्ययन गरी आवश्यकता अनुसार दरबन्दी मिलान र विद्यालयहरुको मर्जर कार्य अगाडि बढाइनेछ ।

१८. गाउँपालिका क्षेत्रमा रहेका विद्यालयहरुको भौतिक संरचना निर्माण र मर्मतका लागि रु ६० लाख ५० हजार विनियोजन गरिएको छ ।

१९. दुहुँ गाउँपालिकामा लक्षित समूहको क्षमता विकास कार्यक्रम अन्तरगत समानिकरण अनुदानबाट रु ४० लाख रकम विनियोजन गरिएको छ ।

२०. अन्य परियोजनाहरुसँगको साझेदारीमा विभिन्न विकास आयोजनाहरु संचालन गर्न Matching Fund का लागि समानिकरण अनुदानबाट रु १० लाख विनियोजन गरिएको छ ।

२१. गाउँपालिका क्षेत्रहरुमा खानेपानी सुविधाको विकास र विस्तारका लागि रु समानिकरण अनुदानबाट रु ३९ लाख ५०हजार विनियोजन गरिएको छ ।

२२. पर्यटिकय क्षेत्रहरुको प्रचार प्रसार र प्रवर्धनका लागि रु ५ लाख विनियोजन गरिएको छ ।

२३. संस्कृति प्रवर्धन र मठमन्दिर निर्माणका लागि समानिकरण अनुदानबाट रु ५७ लाख विनियोजन गरिएको छ ।

२४. खेलकूदको विकास र प्रवर्धनका लागि समानिकरण अनुदानबाट रु ५ लाख विनियोजन गरिएको छ ।

## वातावरण तथा विपद् व्यवस्थापनतर्फ

२५. दुहुँ गाउँपालिकामा अध्यक्षको संरक्षकत्वत्व रहने गरी विपद व्यवस्थापन एवं आकस्मिक कोष खडा गर्न समानिकरण अनुदानबाट रु २० लाख रकम विनियोजन गरिएको छ ।

२६. हरियाली प्रवर्धन मार्फत वातावरणको क्षेत्रको सुधारका लागि वृक्षारोपण एवं वनजंगल संरक्षणका लागि समानिकरण अनुदानबाट रु ५ लाख विनियोजन गरिएको छ ।

२७. गाउँपालिका क्षेत्रमा ढल व्यवस्थापनका लागि रु ९ लाख विनियोजन गरिएको छ ।

२८. विपद्व्यवस्थान तथा उद्धारका लागि सुरक्षाकर्मीका लागि सामाग्रीहरु खरिद गर्न रु १ लाख विनियोजन गरिएको छ ।

## संस्थागत विकास तथा सेवा प्रवाह

२९. दुहुँ गाउँपालिका अन्तरगतका विषयगत शाखाहरुलाई आवश्यक फर्निचर र इलेक्ट्रोनिक सामान खरिदका लागि समानिकरण अनुदानबाट २० लाख विनियोजन गरिएको छ ।

३०. स्थानीयस्तरका स्थायी कर्मचारीको उपदानका लागि कल्याणकोष स्थापनाका लागि समानिकरण अनुदानबाट रु ५ लाख विनियोजन गरिएको छ ।

३१. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका लागि विभिन्न किसिमका तालिमहरु संचालन गरिनेछ ।

## अन्य

३२. नेपाल सरकारको अन्तर सरकारी वित्तिय हस्तान्तरण मार्फत शशर्त अनुदानमा दुहुँ गाउँपालिकामा स्वास्थ्य, शिक्षा, आयुर्वेद र कृषि तथा पशु प्राविधिकका लागि तलब, भत्ता र अन्य चालु प्रकृतिका कार्यक्रमका लागि ६ करोड ३२ लाख २२ हजार विनियोजन भइ आएको छ ।

३३. पसल तथा व्यवसाय दर्ताका लागि वडाहरुबाट सिफारिस भई आएमा यस आर्थिक बर्षका लागि दर्ता दस्तुर छुट दिने व्यवस्था मिलाइएको छ ।

३४. विगतमा जस्तो विना लगत इस्टिमेट योजनाहरुलाई रकम विनियोजन गर्दा कहिले आवश्यक रकम अभावले योजना अपूरो रहने त कहिले रकम बढी हुन गई अपव्यय भएको देखिएकोले आगामी आ व देखि बजेट पेश हुनु अगावै वडास्तरबाट लगत इस्टिमेट सहित योजनाहरु माग गर्न लगाइनेछ ।

### ३.७ अनुमानित व्यय र स्रोत व्यवस्थापन

माथि उल्लेखित नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको लागी विषयगत क्षेत्र अनुसार गाउँ कार्यपालिकामा व्यापक छलफल भै यस गरिमामय गाउँ सभाबाट स्विकृतिका लागि अव म आ.व. २०७४/०७५ को अनुमानित आय व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु । यस दुहुँ गाउँपालिकामा संघीय सरकारबाट प्राप्त वित्तिय समानिकरण रकम रु. १० करोड ७७ लाख ११ हजार, सर्शत अनुदान ६ करोड ३२ लाख २२ हजार, कार्यालय व्यवस्थापन वापत प्राप्त ५९ लाख ७३ हजार २ सय ७ रुपैया उनान्चास पैसा र अनुमानित आन्तरिक आम्दानी ५ लाख ९१ हजार ३ सय २५ रुपैया, गै.स.स. अनुदान १ करोड ३ लाख ५० हजार गरि जम्मा रकम १८ करोड ७८ लाख ४७ हजार ५ सय ३२ रुपैया उनन्चास पैसा मात्र आय अनुमान गरेका छौ । भने सो मध्ये शिक्षा र स्वास्थ्य र आर्युवेदको सर्शत रकम (सोझै जाने रकम) ६ करोड ३२ लाख २२ हजार रकम रहेको छ ।

## अन्तमा

अन्तमा यस दुहुँ गाउँपालिकाको समग्र विकास र सम्बृद्धिको लागी यस गाउँपालिकामा क्रियाशिल राजनैतिक दल जन निर्वाचित जनप्रतिनिधिहरु नागरिक समाज, निजि क्षेत्र, समस्त बौद्धिक वर्ग, पत्रकार तथा आम नागरिकको साझा सहमती र प्रतिवद्धताका साथ प्रभावकारी सहभागिता जनाउनका लागी हार्दिक

अनुरोध गर्दै समुन्नत र सम्बृद्ध दुहुँ गाउँपालिका बनाउने हाम्रो अभियानमा सबै पक्षबाट सृजनात्मक र रचनात्मक सहयोग अपेक्षा गर्दै विदा चाहान्छु ।

मितिः-२०७४ भाद्र २८ गते

उपाध्यक्ष

(इश्वरी जोशी)

**आय व्ययको विवरण**

आ.व.२०७४/७५

अनुसूची-१

रु. हजारमा

| शीर्षक | आ.व. 207२/७३ को यथार्थ | आ.व. 2073/७४ को संशोधित अनुमान | आ.व. 207४/७५ को अनुमान |
|---|---|---|---|
| **आयः** | | ० | १८७८४८ |
| **राजस्वः** | | ० | ६५६५ |
| आन्तरिक राजस्व | | | ५९१ |
| गत बर्षको मौज्दात | | | ५९७३ |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | | १८१२८३ |
| नेपाल सरकारबाट प्राप्त | | | १७०९३३ |
| गैर सरकारी अनुदान | | | १०३५० |
| अन्तर स्थानीय तहबाट प्राप्त | | | |
| **जनसहभागिताः** | | | ० |
| नगद सहभागिता | | | ० |
| श्रम तथा वस्तुगत सहायता | | | ० |
| **व्ययः** | | | १८७८४८ |
| चालु खर्च | | | ९६३७५ |
| पूँजिगत खर्च | | | ९१४७३ |
| **बजेट बचत (+)/न्यून (-)** | | | ० |
| **वित्तीय व्यवस्था** | | | |
| **खुद ऋण लगानी** | | | |
| ऋण लगानी (-) | | | |
| ऋण लगानीको सावाँ फिर्ता प्राप्ती (+) | | | |
| **खुद शेयर लगानी** | | | |
| शेयर लगानी (-) | | | |
| शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | | | |
| **खुद ऋण प्राप्ती** | | | |
| ऋणको साँवा भुक्तानी (-) | | | |
| ऋण प्राप्ती (+) | | | |
| **अन्तिम बजेट बचत (+)/न्यून (-)** | | | |

राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व.२०७४/७५

अनुसूची-२

रु. हजारमा

| शीर्षक | आ.व. 207२/७३ को यथार्थ | आ.व. 2073/७४ को संशोधित अनुमान | आ.व. 207४/७५ को लक्ष्य |
|---|---|---|---|
| **राजस्वः** | ० | | **591** |
| आन्तरिक राजस्वः | | | ५९१ |
| सम्पत्ती कर | 0 | | 95 |
| घरबहाल कर | 0 | | 20 |
| भूमिकर (मालपोत) | 0 | | 100 |
| सवारी साधन कर | 0 | | ३ |
| सेवा शुल्क तथा दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा/स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा) | 0 | | 262 |
| पर्यटन शुल्क | 0 | | |
| विज्ञापन कर | 0 | | 0 |
| व्यवसाय कर | 0 | | 107 |
| दण्ड जरिवाना | 0 | | २ |
| मनोरञ्जन कर | 0 | | ० |
| मालपोत संकलन | 0 | | ० |
| बहाल विटौरी घर जग्गा कर | 0 | | ० |
| मृत वा मारिएका जीव जन्तुको हाड, सिंग, प्वाँख, छालामा कर | 0 | | ० |
| प्राकृतिक स्रोत साधन व्यवसायिक कर | 0 | | २ |
| शेयर लगानीबाट प्राप्त लाभांश तथा पूँजिगत लाभ आय | 0 | | ० |

| | | | | |
|---|---|---|---|---|
| | ऋण लगानीबाट प्राप्त व्याज आय | 0 | | |
| | अन्य | 0 | | ० |
| | | 0 | | |
| | राजस्व बाँडफाँडः | | ० | |
| | राजस्व बाँडफाँड प्राप्ति (+) | | | |
| | राजस्व बाँडफाँड हस्तान्तरण (-) | | | |
| | | | | |
| | अन्य आयः | | ० | |
| | साविक स्थानीय निकायबाट हस्तान्तरण भई प्राप्त रकम | | | |
| | बेरुजु असुली | | | |
| | गत वर्षको नगद मौज्दात | | | 5973.20749 |
| | | | | |
| अन्तर सरकारी वित्तीय हस्तान्तरणः | | | ० | १७०९३३ |
| | नेपाल सरकारबाट प्राप्त अनुदानः | | | |
| | वित्तीय समानीकरण अनुदान | | | 107711 |
| | सशर्त अनुदान | | | 63222 |
| | समपूरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| | | | | |
| | प्रदेश सरकारबाट प्राप्त अनुदानः | | | |
| | वित्तीय समानीकरण अनुदान | | | |
| | सशर्त अनुदान | | | |
| | समपूरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| | | | | |
| | अन्य स्थानीय तहबाट प्राप्त अनुदानः | | | |
| | सशर्त अनुदान | | | |

| | | | | |
|---|---|---|---|---|
| | समपूरक अनुदान | | | 10350 |
| | विशेष अनुदान | | | |
| | | | | |
| **जनसहभागिताः** | | | | |
| | नगद सहभागिता | | | |
| | श्रम तथा वस्तुगत सहायता | | | |

नोट- राजस्वका शिर्षकहरु नेपाल सरकारले तोके बमोजिम हुनेछ । स्थानीय तहका राजस्व शिर्षकहरु नतोकिए सम्म यसै वमोजिम गर्ने ।

नोट- राजस्वका शिर्षकहरु नेपाल सरकारले तोके बमोजिम हुनेछ । स्थानीय तहका राजस्व शिर्षकहरु नतोकिए सम्म यसै वमोजिम गर्ने ।

व्यय अनुमान

आ.व.२०७४/७५

| शीर्षक | | आ.व.207२/७ ३ को यथार्थ | आ.व.2073/७ ४ को संशोधित अनुमान | आ.व.207४/७ ५ को अनुमान | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| चालु खर्च | | | | | | | | | | |
| २११११ | कर्मचारी तलब | | | ७००० | | | | | | |
| २१११२ | स्थानीय भत्ता | | | २१०० | | | | | | |
| २१११३ | महंगी भत्ता | | | ३०० | | | | | | |
| २१११४ | फिल्ड भत्ता | | | २०० | | | | | | |
| २१११९ | अन्य भत्ता | | | ३००० | | | | | | |
| २११२१ | पोसाक | | | १८७.५ | | | | | | |
| २२१११ | पानी तथा विद्युत महसुल | | | ५० | | | | | | |
| २२११२ | संचार महसुल | | | ५५० | | | | | | |
| २२१२१ | घरभाडा | | | ६०० | | | | | | |
| २२१२२ | अन्य भाडा | | | १००० | | | | | | |
| २२२११ | इन्धन | | | १००० | | | | | | |
| २२२१२ | संचालन तथा मर्मत | | | १००० | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २२२१३ | बिमा | | | ५० | | | | | | |
| २२३११ | कार्यालय सञ्चालन सम्बन्धी खर्च | | | ३००० | | | | | | |
| २२३१४ | इन्धन अन्य प्रयोजन | | | ५०० | | | | | | |
| २२४१२ | अन्य सेवा शुल्क | | | १५०० | | | | | | |
| २२५११ | कर्मचारी तालिम | | | ५०० | | | | | | |
| २२५१२ | सार्वजनिक सुनुवाई, सिप विकास तथा जनचेतना गोष्ठी | | | ५०० | | | | | | |
| २२६११ | अनुगमन, मुल्याङ्कन | | | 2000 | | | | | | |
| २२६१२ | भ्रमण खर्च | | | 500 | | | | | | |
| २७३१२ | कर्मचारी उपदान कोष | | | ५०० | | | | | | |
| २२७११ | विविध खर्च | | | 1500 | | | | | | |
| | | | | २७५३७.५ | | | | | | |
| पूँजिगत खर्च | | ० | ० | | | | | | | ० |
| | भवन निर्माण/व्यवस्थापन | | | ७००० | | | | | | |
| | पुँजीगत सामान | | | २००० | | | | | | |
| | हेभी इक्वीपमेन्ट र सवारी साधन | | | १२४०० | | | | | | |
| | सार्वजनिक निर्माण | | | | | | | | | |
| | पूँजिगत अनुसन्धान तथा परामर्श | | | | | | | | | |

## कार्यक्षेत्रगत व्यय अनुमान

आ.व.२०७४/७५

अनुसूची-५

रु. हजारमा

| संकेत नं. | शीर्षक | आ.व.२०७२/७३ को यथार्थ | आ.व.२०७३/७४ को संशोधित अनुमान | आ.व.२०७४/७५ को अनुमान | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जन सहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| १० | **आर्थिक विकास** | ० | ० | १०८६९ | ० | ० | | ० | ० | ० |
| १०१० | कृषि | | | 9618.5 | | | | | | |
| १०२० | उद्योग तथा वाणिज्य | | | 500 | | | | | | |
| १०३० | पर्यटन | | | 500 | | | | | | |
| १०४० | सहकारी | | | 250 | | | | | | |
| १०५० | वित्तीय क्षेत्र | | | 0 | | | | | | |
| | | | | | | | | | | |
| २० | **सामाजिक विकास** | ० | ० | २४७५० | ० | ० | | ० | ० | ० |
| २०१० | शिक्षा | | | ९०५० | | | | | | |
| २०२० | स्वास्थ्य | | | 2600 | | | | | | |
| २०३० | खानेपानी तथा सरसफाइ | | | 3950 | | | | | | |
| २०४० | संस्कृति प्रवर्द्धन | | | ५७०० | | | | | | |
| २०५० | खेलकुद तथा मनोरञ्जन | | | 500 | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०६० | लैगिक समानता तथा सामाजिक समावेशीकरण | | | 4000 | | | | | | |
| | | | | | | | | | | |
| **३०** | **पूर्वाधार विकास** | ० | ० | २९९०० | ० | ० | | ० | ० | ० |
| ३०१० | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | | | १६३०० | | | | | | |
| ३०२० | सिंचाई | | | 700 | | | | | | |
| ३०३० | भवन तथा सहरी विकास | | | 11450 | | | | | | |
| ३०४० | उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) | | | 500 | | | | | | |
| ३०५० | सञ्चार | | | 500 | | | | | | |
| | | | | | | | | | | |
| **४०** | **वातावरण तथा विपद व्यवस्थापन** | ० | ० | ३५०० | ० | ० | | ० | ० | ० |
| ४०१० | वन तथा भु-संरक्षण | | | 500 | | | | | | |
| ४०२० | जलाधार संरक्षण | | | | | | | | | |
| ४०३० | वातावरण संरक्षण, जलवायु परिवर्तन | | | | | | | | | |
| ४०४० | फोहरमैला तथा ढल व्यवस्थापन | | | 900 | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४०५० | जलउत्पन्न प्रकोप नियन्त्रण | | | | | | | | | |
| ४०६० | विपद व्यवस्थापन | | | 2100 | | | | | | |
| ४०७० | वारुण यन्त्र सञ्चालन | | | | | | | | | |
| | | | | | | | | | | |
| **५०** | **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | ० | ० | १००० | ० | ० | | ० | ० | ० |
| ५०१० | सामान्य सेवा | | | | | | | | | |
| ५०२० | सुरक्षा व्यवस्थापन | | | | | | | | | |
| ५०३० | सूचना प्रविधि | | | 500 | | | | | | |
| ५०४० | पञ्जिकरण व्यवस्थापन | | | | | | | | | |
| ५०५० | स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन | | | 500 | | | | | | |
| ५०६० | सुशासन प्रवर्द्धन | | | | | | | | | |
| ५०७० | अनुसन्धान तथा विकास | | | | | | | | | |
| ५०८० | अन्यत्र वर्गिकृत नभएको | | | १२८ | | | | | | |
| | जम्मा कूल बजेट | | | ७०७४६.५० | | | | | | |

दुहुँ गाउँपालिका

बार्षिक विकास कार्यक्रम

आ.व.२०७४/७५

| संकेत नं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रु. | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जन सहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| १० | आर्थिक विकास | | | | | | | | | ० |
| १०१० | कृषि र पशु | | | ९६१८.५० | | | | | | |
| क | कृषि | | | ६४५३.०० | | | | | | |
| १ | सहकारी खेती, साना सिचाइ तथा मल बीउ ढुवानी कार्यक्रम | | | २३१.०० | | | | | | |
| २ | बाली विकास कार्यक्रम | | | २२०.०० | | | | | | |
| ३ | प्रधानमन्त्री कृषि आधुनिकिरण परियोजना | | | २८००.०० | | | | | | |
| ४ | आलु तरकारी तथा मसला विकास कार्यक्रम | | | २०८.०० | | | | | | |
| ५ | माटो परिक्षण तथा सुधार सेवा कार्यक्रम | | | ९४.०० | | | | | | |
| ६ | कृषि प्रसार कार्यक्रम | | | १४००.०० | | | | | | |
| ७ | कृषि मार्फत युवा स्वरोजगार कार्यक्रम | | | १५००.०० | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ख | पशु | | | ३१६५.५० | | | | | | |
| १ | पशु आहारा सेवा कार्यक्रम | | | ६६१.०० | | | | | | |
| २ | पशु स्वास्थ्य नियमन कार्यक्रम | | | ४९.०० | | | | | | |
| ३ | पशु सेवा प्रसार कार्यक्रम | | | १७५५.५० | | | | | | |
| ४ | पशु सेवा प्रसार पुँजीगत कार्यक्रम | | | ७००.०० | | | | | | |
| १०२० | **उद्योग तथा वाणिज्य** | | | **५००.००** | | | | | | |
| क | उद्योग विकास कार्यक्रम | | | ५००.०० | | | | | | |
| १०३० | **पर्यटन** | | | **५००.००** | | | | | | |
| १०४० | सहकारी | | | २५०.०० | | | | | | |
| १ | ब्रह्म बचत ऋण तथा सहकारी संस्था भवन मर्मत | वडा नं ३ | | २००.०० | | | | | | |
| २ | सिद्धेश्वरी कृषि सहकारीलाई कृषि तालिम तथा विउ विजन वितरण | वडा नं २ | | ५०.०० | | | | | | |
| २० | **सामाजिक विकास** | ० | ० | | | | | | | ० |
| २०१० | **शिक्षा** | | | **९०५०.००** | | | | | | |
| क | **विद्यालय मर्मत तथा सुधार कार्यक्रम** | | | ६०५०.०० | | | | | | |
| १ | गौरिलमाडौ घेरपर्खाल निर्माण | वडा नं २ | | १०००.०० | | | | | | |
| २ | दहधार गुना भवन निर्माण(प्रा वि) | वडा नं २ | | १०००.०० | | | | | | |
| ३ | गौरिलमाडौ प्रा वि फिल्ड निर्माण | वडा नं २ | | १५०.०० | | | | | | |
| ४ | आ वि बस्पाली फिल्ड निर्माण | वडा नं १ | | ६००.०० | | | | | | |
| ५ | आ वि भगनाडी विद्यालय फिल्ड निर्माण | वडा नं १ | | २००.०० | | | | | | |
| ६ | आ वि जजवेडा छत मर्मत | वडा नं १ | | १५०.०० | | | | | | |
| ८ | मा वि सिमली घेरपर्खाल निर्माण | वडा नं ३ | | २००.०० | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | लटिनाथ आ वि धामी बोहरी गाउँ फिल्ड निर्माण | वडा नं ३ | | ३००.०० | | | | | | | |
| १० | दुर्गास्थान प्रा वि खेती घेरपर्खाल निर्माण | वडा नं ३ | | १५०.०० | | | | | | | |
| ११ | महादेव आ वि को ५ कोठे भवन मर्मत | वडा नं ४ | | ३००.०० | | | | | | | |
| १२ | भगवती आ वि पोक्सेको घेर पर्खाल निर्माण | वडा नं ४ | | ३००.०० | | | | | | | |
| १३ | धारीपाटा मा वि को घेरपर्खाल | वडा नं ४ | | ५००.०० | | | | | | | |
| १४ | ब्रहाम आ वि पासु फिल्ड निर्माण | वडा नं ५ | | २००.०० | | | | | | | |
| १५ | आ वि गरमैरा घेरपर्खाल गेट निर्माण | वडा नं ५ | | १५०.०० | | | | | | | |
| १६ | नि मा वि सोमनाथ घेरपर्खाल निर्माण | वडा नं ५ | | २००.०० | | | | | | | |
| १७ | भूमिराज निमावि कम्दा बाँकी काम निर्माण | वडा नं २ | | ४००.०० | | | | | | | |
| १८ | धारीपाटा निमावि धारीबाँकी काम निर्माण | वडा नं ४ | | २५०.०० | | | | | | | |
| ख | **कक्षा कोठामा शिक्षक, विद्यालयमा अभिभावक कार्यक्रम** | | | ३०००.०० | | | | | | | |
| १ | १९ विद्यालयमा शिक्षक, विद्यार्थि र अभिभावकबाट प्रतिबद्धता पत्रमा हस्ताक्षर गरी फ्लेक्स छापी सार्वजनिक गर्ने | | | २५ | | | | | | | |
| २ | १९ विद्यालयमा अभिभावक सुझाव पुस्तिका | | | ९.५ | | | | | | | |
| ३ | अभिभावक, शिक्षक, विद्यार्थी शैक्षिक सामाग्री निर्माण कार्यशाला | | | १० | | | | | | | |
| ४ | SEE थप तयारी कक्षा संचालन विज्ञान गणित र अंग्रेजी एक महिनाका लागि | | | ५० | | | | | | | |
| ५ | वडागत रुपमा १/१ जना उत्कृष्ट शिक्षक,अभिभावक र विद्यार्थी पुरस्कृत गर्ने | | | १०० | | | | | | | |
| ६ | विद्यालय अनुगमन | | | ४० | | | | | | | |
| ७ | बाल विकास केन्द्रका लागि फर्निचर लगायतका खेल सामाग्रिहरु खरिद गरी वितरण गर्ने | | | १९० | | | | | | | |
| ८ | प्रस्तावित मा वि गुणस्तर सुधार सहजकर्तालाई प्रोत्साहन | | | २१०० | | | | | | | |
| ९ | जन विकास मा वि बारबाज कृषि विद्यार्थिलाई | | | १५० | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | गाउँपालिका छात्रवृत्तिः बुवा वा आमा मध्ये दुवै वा एक नभएका विद्यार्थी छात्रवृत्ति | | | १६० | | | | | | |
| ११ | लेजर कक्षा संचालन | | | १६५.५ | | | | | | |
| २०२० | **स्वास्थ्य** | | | २६००.०० | | | | | | |
| क | **स्वास्थ्य क्षेत्र गुणस्तर सुधार तथा प्रवर्धन कार्यक्रम** | गा.पा. क्षेत्र भित्र | | २०००.०० | | | | | | |
| १ | हिकिला स्वास्थ्य चौकिमा सोलार प्यानल जडान ढुवानि समेत | | | ३०० | | | | | | |
| २ | चार वटै स्वास्थ्य चौकिमा स्टेचर खरिद ढुवानि समेत | | | ४०.० | | | | | | |
| ३ | हिकिला स्वास्थ्य प्रयोगशाला सुधार | | | १८० | | | | | | |
| ४ | एकिकृत स्षास्थ्य जाच घुम्ति शिबिर संचालन | | | 100 | | | | | | |
| ५ | औषधि खरिद निसुल्क बितरण ढुवानि समेत | | | ७६८ | | | | | | |
| ६ | एकिकृत सुपरभिजन अनुगमन | | | १०० | | | | | | |
| ७ | नर्सिङ स्टाप नाईट भत्ता | | | २० | | | | | | |
| ८ | सुत्केरी जाच प्रोत्सान | | | १० | | | | | | |
| ९ | आकस्मिक रेफरकोष सुत्केरी जाच प्रोत्सान | | | १० | | | | | | |
| १० | जेष्ठ नागरीक निसुल्क स्वास्थ्य जाच | | | १२० | | | | | | |
| ११ | म.स्वा.स्व.से.प्राथमिक उपचार किट खरीद | | | १३७ | | | | | | |
| १२ | म.स्वा.स्व.से. प्रोत्सान | | | १८५ | | | | | | |
| १३ | सूचना प्रवाह तथा माग संकलन | | | ३० | | | | | | |
| | | | | | | | | | | |
| ख | गाउँपालिका आयुर्वेद सेवा कार्यक्रम | | | ६००.०० | | | | | | |
| १ | जेष्ठ नागरिक औषधि खरिद तथा वितरण कार्यक्रम | | | १५० | | | | | | |
| २ | स्तनपायी आमाको दुधवर्धक औषधी खरिद तथा वितरण कार्यक्रम | | | १५०.० | | | | | | |
| ३ | प्राथमिक तथा अन्य औषधी खरिद | | | १५० | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | आयुर्वेद प्रचार प्रसार सम्बन्धी महिला स्वयंसेविका तालिम | | | ५० | | | | | | | |
| ५ | स्थानीय जडिबुटी संकलन तथा रोपण कार्यक्रम | | | १०० | | | | | | | |
| २०३० | **खानेपानी तथा सरसफाइ** | | | **३९५०.००** | | | | | | | |
| क | **जिल्ला समन्वय समिति र खानेपानी कार्यालयबाट हस्तान्तरित खानेपानी आयोजना सम्पन्न गर्ने** | | | २५००.०० | | | | | | | |
| ख | **वडा स्तरमा खानेपानी मर्मत तथा व्यावस्थापन कार्यक्रम** | | | १४५०.०० | | | | | | | |
| | **वडा नं १ खानेपानी** | | | | | | | | | | |
| १ | पनिखाल खानेपानी मर्मत | | | १००.०० | | | | | | | |
| २ | तङ्ले खानेपानी मर्मत | | | ५०.०० | | | | | | | |
| | **वडा नं २ खानेपानी** | | | | | | | | | | |
| १ | नस्या नरोली खानेपानी योजना | | | ५००.०० | | | | | | | |
| | **वडा नं ३ खानेपानी** | | | | | | | | | | |
| १ | डोबालीकोट खानेपानी आयोजना | | | ३००.०० | | | | | | | |
| | **वडा नं ४ खानेपानी** | | | | | | | | | | |
| १ | डोली इजर सिसपुढुङ्गा नकट खानेपानी योजना | | | ४००.०० | | | | | | | |
| | **वडा नं ५ खानेपानी** | | | | | | | | | | |
| १ | ५ नं वडा कार्यालयमा खानेपानी | | | १००.०० | | | | | | | |
| २०४० | **संस्कृति प्रवर्द्धन** | | | ५७००.०० | | | | | | | |
| क | **वडा स्तरिय मठमन्दिर, गुम्बा आदि निर्माण तथा मर्मत संभार** | सम्बन्धित वडा | | | | | | | | | |
| १ | ब्रहम मन्दिर निर्माण | वडा नं २ | | ७००.०० | | | | | | | |
| २ | हुस्कर मन्दिर फिल्ड निर्माण | वडा नं २ | | १००.०० | | | | | | | |
| ३ | मष्ट मन्दिर घेर पर्खाल | वडा नं २ | | १००.०० | | | | | | | |
| ४ | हरिचन्द्र मन्दिर निर्माण | वडा नं २ | | १००.०० | | | | | | | |
| ५ | समैची मन्दिर निर्माण | वडा नं २ | | ५०.०० | | | | | | | |
| ६ | नौलो मन्दिर निर्माण | वडा नं २ | | ५०.०० | | | | | | | |
| ७ | काल्छिम मन्दिर निर्माण | वडा नं २ | | ५०.०० | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | दुर्गा भवानी मन्दिर मर्ममत खेतीगाड | वडा नं १ | | ७००.०० | | | | | | | |
| ९ | हुनैनाथ मन्दिर शौचालय निर्माण | वडा नं १ | | १००.०० | | | | | | | |
| १० | सिरचन देवता मन्दिर निर्माण | वडा नं ३ | | ५००.०० | | | | | | | |
| ११ | शेरपाटा देउखलो निर्माण | वडा नं ३ | | ५०.०० | | | | | | | |
| १२ | हुस्कर मन्दिर माण्डौ निर्माण(ऐरधुस) | वडा नं ४ | | ४००.०० | | | | | | | |
| १३ | कोल्सै मन्द्र निर्माण | वडा नं ४ | | ३५०.०० | | | | | | | |
| १४ | ब्रहम पञ्चदेव मन्दिर निर्माण | वडा नं ४ | | ५००.०० | | | | | | | |
| १५ | दुर्गा भगवती मन्दिर गरमैरा निर्माण | वडा नं ५ | | २५०.०० | | | | | | | |
| १६ | हुस्कर मन्दिर पासु निर्माण | वडा नं ५ | | ५००.०० | | | | | | | |
| १७ | हुस्कर मन्दिर आसकान्ना निर्माण | वडा नं ५ | | २००.०० | | | | | | | |
| १८ | महादेव मन्दिर पासु शोचालय निर्माण | वडा नं ५ | | ५०.०० | | | | | | | |
| १९ | कैलानाथ मन्दिर पासु निर्माण | वडा नं ५ | | २००.०० | | | | | | | |
| २० | सैमजी मन्दिर निर्माण | वडा नं ५ | | १००.०० | | | | | | | |
| २१ | भूमिराज मन्दिर सुतखोला निर्माण सुतखोला | वडा नं ५ | | २००.०० | | | | | | | |
| २२ | ब्रहम मन्दिर फिल्ड निर्माण खर्रा | वडा न १ | | ४५०.०० | | | | | | | |
| २०५० | **खेलकुद तथा मनोरञ्जन** | | | ५००.०० | | | | | | | |
| क | **गाउँपालिका क्षेत्रमा खेलकुद खेलकुद प्रवधन सम्वन्धी कार्यक्रम** | | | ५००.०० | | | | | | | |
| २०६० | **लैगिक समानता तथा सामाजिक समावेशीकरण** | | | ४०००.०० | | | | | | | |
| क | **महिला लक्षित कार्यक्रम** | | | १०००.०० | | | | | | | |
| ख | **दलित लक्षित कार्यक्रम** | | | १०००.०० | | | | | | | |
| घ | **गाउँपालिका क्षेत्र भित्र अपाङ्ग लक्षित कार्यक्रम** | | | ५००.०० | | | | | | | |
| ङ | **जेष्ठ नागरीक लक्षित कार्यक्रम** | | | १०००.०० | | | | | | | |
| च | **वालमैत्री स्थानीय शासन कार्यक्रम** | | | **५००.००** | | | | | | | |
| ३० | **पूर्वाधार विकास** | | | | | | | | | | |
| ३०१० | **स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल** | | | **१६३००.००** | | | | | | | |
| क | **गाउँपालिका अध्यक्ष सडक निर्माण कार्यक्रम** | | | **५०००.००** | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ख | **वडा स्तरिय गोरेटो तथा पिसिसि बाटो निर्माण** | सम्बन्धित वडा | | ११३००.०० | | | | | | |
| | **वडा नं १** | | | | | | | | | |
| १ | सेल्लोडा देखि मा वि विण सम्म पि सि सि बाटो | | | ५००.०० | | | | | | |
| २ | लित्थी देखि फूपुल्तासम्म घोरेटो बाटो | | | ५०.०० | | | | | | |
| ३ | खेतिगाड देखि मालिकार्जुन सम्म घोरेटो बाटो | | | २००.०० | | | | | | |
| | **वडा नं २** | | | | | | | | | |
| १ | सेराडाक देखि दलित टोल सम्म पि सि सि बाटो | | | ५००.०० | | | | | | |
| २ | दलित टोल देखि बटडाडा कृषि सडक सम्म पि सि सि बाटो | | | ५००.०० | | | | | | |
| ३ | डडाली गाउँ देखि हेकाती वडा कार्यालय सम्म पि सि सि बाटो | | | ३००.०० | | | | | | |
| ४ | गुना देखि गरमैरे खोला घोरेटो बाटो | | | ३००.०० | | | | | | |
| | **वडा नं ३** | | | | | | | | | |
| १ | नौघर धार देखि टिङकर सडक सम्म पि सि सि बाटो | | | ४००.०० | | | | | | |
| २ | ब्रहमदेव मन्दिर देखि ओखलगाडा सम्म पि सिसि बाटो | | | ४००.०० | | | | | | |
| ३ | नाग देखि चौपाती सडक सम्म पि सि सि | | | ४००.०० | | | | | | |
| ४ | नयाँ बस्ती देखि नाग घोरेटो बाटो | | | ३००.०० | | | | | | |
| ५ | बाब्या फागाला देखि मल्ली तिमुरपाटा गैरी घोरेटो बाटो | | | १००.०० | | | | | | |
| ६ | दुर्गास्थान देखि आयुर्वेद कार्यालय सम्म घोरेटो बाटो | | | १५०.०० | | | | | | |
| ७ | बकर घर देखि देउखला सम्म पि सि सि | | | ५००.०० | | | | | | |
| ८ | टिंकर सडक देखि श्रीवगड गाउँ सम्म पि सिसि बाटो | | | २५०.०० | | | | | | |
| ९ | देउखला देखि कुकुडपाताल सम्मको गोरेटो बाटो | | | ५०.०० | | | | | | |
| १० | निजाङ कापडा घोरेटोबाटो | | | २५०.०० | | | | | | |
| ११ | धनपाटा देखि शेरपाटा सम्म गोरेटो बाटो | | | ५०.०० | | | | | | |
| ग | **वडा नं ४** | | | | | | | | | |
| १ | देउवास चिन्चिरी हुँदै तल्ली फारा देखि महादेव आ वि सम्म पि सिसि | | | ५५०.०० | | | | | | |
| २ | ओखलढुङ्गा धार गैर हुँदै माङरौ देखि आरगाडा डङ्डङे नुनछाया मुलर सम्म पि सि सि | | | ५००.०० | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सढक देखि देवास दहसैन स्याङ्कू थाम सम्म पि सि सि | | | ३००.०० | | | | | | |
| ४ | मा वि धारी जिन्तोली देखी गैर इजर सम्म पि सि सि | | | ७००.०० | | | | | | |
| ५ | गानन ढुङ्गा देखि दौला रजिउडा भूइकोट सम्म पि सि सि | | | ४००.०० | | | | | | |
| ६ | गानन ढुङ्गा हुँदै बगौरा सम्म पि सि सि | | | २००.०० | | | | | | |
| | **वडा नं ५** | | | | | | | | | |
| १ | भाडी देखि मा वि धारी सम्म पि सि सि बाटो | | | ९००.०० | | | | | | |
| २ | जिन्तोली देखि गुदगुदे सम्म पि सिसि | | | ७५०.०० | | | | | | |
| ३ | मैडाडा देखि भूमिराज मन्दिर सम्म पि सि सि | | | ४००.०० | | | | | | |
| ४ | मूल सडक देखि गोधानी हुँदै चौपाती सम्म पि सि सि | | | ७००.०० | | | | | | |
| ५ | नौमुडे देखि सिमार सम्म पि सि सि | | | ७००.०० | | | | | | |
| **३०२०** | **सिचाई** | ० | ० | **७००.००** | | | | | | ० |
| **१** | डोली इजर देखि स्याङ्कू सिचाइ मर्मत | | | **२००.००** | | | | | | |
| **२** | **गाउँ पालिका क्षेत्र भित्र सिचाई क्षेत्र विकास** | | | **५००.००** | | | | | | |
| **३०३०** | भवन तथा सहरी विकास | | | **११४५०.००** | | | | | | |
| १ | गाउँपालिका पूर्वाधार विकास | | | ७०००.०० | | | | | | |
| २ | स्वास्थ्य चौकी हिकिला भवन मर्मत | वडा नं २ | | १००.०० | | | | | | |
| ३ | गाउँघर क्लिनिक भवन निर्माण गौकूल | वडा नं २ | | **२००.००** | | | | | | |
| ४ | गाउँघर क्लिनिक भवन निर्माण कम्दा | वडा नं २ | | २००.०० | | | | | | |
| ५ | बालविकास केन्द्र भवन निर्माण नरौली | वडा नं २ | | २००.०० | | | | | | |
| ६ | पिपलचौरी मा वि विण २ कोठे भवन | वडा नं १ | | २०००.०० | | | | | | |
| ७ | स्वास्थ्य चौकी भवन मर्मत तथा फर्निचर निर्माण | वडा नं ३ | | १००.०० | | | | | | |
| ८ | गाउँघर क्लिनिक भवन निर्माण भूइकोट दौला | वडा नं ४ | | २००.०० | | | | | | |
| ९ | वि पि स्मृती भवन निर्माण सहयोग | दार्चुला | | ५००.०० | | | | | | |
| १० | विपन्न परिवार आवास निर्माण कोष | गाउँपालिका क्षेत्र | | ५००.०० | | | | | | |
| ११ | शौचालय पन्धारा निर्माण कम्दा | वडा नं २ | | १००.०० | | | | | | |
| १२ | चाँदनी स्मृती भवन निर्माण सहयोग | वडा नं २ | | १००.०० | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | दलित सामुदायिक भवन मर्मत | वडा नं ३ | | २५०.०० | | | | | | |
| | | | | | | | | | | |
| ३०४० | **उर्जा, लघु तथा साना जलविद्युत वैकल्पिक उर्जा समेत** | | | **५००.००** | | | | | | |
| १ | **विधुत विस्तार तथा मर्मत कार्यक्रम** | | | ५००.०० | | | | | | |
| ३०५० | **सञ्चार** | | | ५००.०० | | | | | | |
| ४० | **वातावरण तथा विपद व्यवस्थापन** | ० | ० | **३५००.००** | | | | | | ० |
| ४०१० | **वन तथा भु-संरक्षण** | | | ५००.०० | | | | | | |
| १ | **नर्सरी निर्माण तथा वृक्षरोपण** | | | ५००.०० | | | | | | |
| ४०४० | **फोहरमैला तथा ढल व्यवस्थापन** | | | ९००.०० | | | | | | |
| १ | ढल निकास सौतली र लित्थी | | | ५००.०० | | | | | | |
| २ | भारणी मन्दिर देखी खेती टिङ्कर सडक सम्म ढल निकास | | | ४००.०० | | | | | | |
| ४०६० | **बिपद व्यवस्थापन** | | | २१००.०० | | | | | | |
| १ | **विपद व्यवस्थापन तथा आकस्मिक कोष** | | | २०००.०० | | | | | | |
| २ | **सुरक्षाकर्मीहरुका लागि विपद व्यवस्थापन सामाग्रि खरिद** | | | १००.०० | | | | | | |
| ५०५० | **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | | | १०००.०० | | | | | | |
| ५०७० | **अनुसन्धान तथा विकास** | | | | | | | | | |
| १ | आवधिक योजना तथा अन्य नियमहरु निर्माण | | | ५००.०० | | | | | | |
| ख | **स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन** | | | | | | | | | |
| १ | वडा तथ्याङ्क संकलन तथा प्रोफाइल निर्माण, गाउँपालिका प्रोफाइल निर्माण | | | **५००.००** | | | | | | |
| ५०८० | अन्य वर्गिकृत नभएको | | | **१२८.००** | | | | | | |
| | **जम्मा** | | | | | | | | | |